Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३११ | वि.सं. २०८२ | फागुन | १९ | मंगलवार | नेपाल संवत: ११४५, | फाल्गुण शुक्लपक्ष पूर्णिमा | Tuesday | 3 | March | 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

**। प्रतिनिधिसभा सदस्य निर्वाचनको मौन अवधि सुरु ।**

# चुनाव लक्षित राजनीतिक गतिविधि सञ्चालनमा रोक

**मौन अवधि सुरु भई मतदान सम्पन्न नभएसम्मका लागि राजनीतिक दल हुन वा उनका समर्थकले कसैको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्न र मत प्रभावित गर्न पाउने छैनन् । यसअवधिमा मतपरिणाम आफ्नो पक्षमा पार्न कुनै पनि चुनावी गतिविधि गरेको पाइए कानुन बमोजिम त्यस्ता कार्यमा संलग्न दल, उम्मेदवार र समर्थक वा कार्यकर्तालाई कारवाही हुनेछ ।**

**ओम शाही**
**सुर्खेत, १८ फागुन ।**

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि दुई दिनअघिदेखि मौन अवधि सुरु भएको छ। गएराति (सोमबार) १२ बजेबाट चुनावी आचारसंहिता अनुसार मौन अवधि सुरु भएको हो। मौन अवधि सुरु भई मतदान सम्पन्न नभएसम्मका लागि राजनीतिक दल हुन वा उनका समर्थकले कसैको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न र मत प्रभावित गर्न पाउने छैनन् ।

यसअवधिमा मतपरिणाम आफ्नो पक्षमा पार्न कुनै पनि चुनावी गतिविधि गरेको पाइए कानुन बमोजिम त्यस्ता कार्यमा संलग्न दल, उम्मेदवार र समर्थक वा कार्यकर्तालाई कारवाही हुनेछ। मौन अवधिको अनुमगन निर्वाचन आचारसंहिताअनुसार २४ सैं घण्टा गरिने निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए।

चुनावी प्रचार प्रसारको ज्वरो शान्त होस्, मतदातालाई स्वतन्त्र निर्णय गर्ने समय रहोस्, मतदानको समयमा अप्रिय घटना नहोस् भनेर मौन अवधि राखिने गरिन्छ। उम्मेदवारका चुनावी गतिविधि पनि मौन रहने भएकाले मौन अवधिले चुनावी वातावरण बनाउने गर्छ।

मौन अवधि सुरु भएपछि निर्वाचन अधिकृतको कार्यालयले सम्बन्धित दल वा उम्मेदवारलाई मतदान केन्द्रको तीन सय मिटर वरपर प्रचारप्रसारका सामग्री राख्न दिदैन। 'दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनुपर्ने, कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न वा निर्वाचन प्रचारप्रसार गर्न नहुने,' आयोगले तयार पारेको आचारसंहितामा भनिएको छ।

मौन अवधिमा चुनाव प्रचारप्रसारलगायतका कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न नपाइने प्रवक्ता भट्टराईले बताए। त्यस्तै, सामाजिक सञ्जालमार्फन पनि कसैको पक्ष वा विपक्षमा प्रचार गर्न वा भोट माग्न पाइँदैन। त्यस्तै, सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोष्ट वा सेयर गर्न वा गराउन पाइने छैन।

मतदान हुने दिनको अघिल्लो अठचालीस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुञ्जेलसम्म राजनीतिक दलका पदाधिकारी वा उम्मेदवार तथा दलको भ्रातृ संगठन वा सम्बन्धित व्यक्तिले आचरण पालन गर्नुपर्ने आयोगले भनेको छ। निर्वाचन कसुर तथा सजाय ऐन, २०७३ को दफा २४ उपदफा ५ र निर्वाचन आचारसंहिता, २०७९ को

बाँकी ३ पेजमा



## हेलिबाट पुगे कर्मचारी र निर्वाचन सामग्री

आगामी बिहिबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हुम्ला र डोल्पाका उत्तरी क्षेत्रमा हेलिकप्टरबाट निर्वाचन सामग्री र कर्मचारी पुऱ्याइएको छ। हुम्लाको नाम्खा गाउँपालिकाका चार मतदान स्थलमा नेपाली सेनाको हेलिकप्टरबाट निर्वाचन सामग्री र कर्मचारीलाई पुऱ्याएको हुम्लाका प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले जानकारी दिए।

हिमपातले अवरुद्ध नाम्खा गाउँपालिका-६, स्थित पाँच हजार दुई सय मिटर उचाइको न्यालु लेक र नाम्खा गाउँपालिका-५ को चार हजार नौ सय ४९ मिटर उचाइको नारा लेक पूर्णरुपमा बन्द भएपछि सेनाको हेलिकप्टरबाट

बाँकी ३ पेजमा

## डोल्पामा एमाले र नेकपाका कार्यकर्ताबीच झडप

डोल्पामा नेकपा एमाले र नेपाली कम्यूनिष्ट पार्टी (नेकपा) का कार्यकर्ताबीच झडप भएको छ। २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनको प्रचारमा रहेका दुई दलबीच उपल्लो डोल्पमा झडप भएको डोल्पाका प्रमुख जिल्ला अधिकारी जुनु हमाल ढकालले पुष्टि गरिन।

यद्यपी, घटनाका बारेमा विस्तृत जानकारी भने आइन नसकेको उनले बताइन। 'उपल्लो डोल्पमा दुई दलबीच झडप भएको भन्ने आएको छ,' उनले भनिन्, 'चुनावी प्रचारका क्रममा उहाँहरुको भेट भएपछि झडप भएको भन्ने प्रारम्भिक रिपोर्ट आएको छ। उक्त क्षेत्रमा सञ्चारले राम्रोसँग काम नगर्ने भएकाले घटनाको वास्तविक विवरण आइसकेको छैन।'

उनले घटनास्थलतर्फ प्रहरी परिचालन भइसकेको बताइन। उपल्लो डोल्पामा झडप भएपछि डोल्पा सदरमुकाम दुनैमा दलहरुले विरोध जनाएका छन्। प्रजिअ ढकालका अनुसार राजनीतिक दलहरुसँगको सर्वदलिय छलफल पश्चात अवस्था सामान्य बनेको थियो।

# प्रभावकारी बन्दै विद्यालयमा 'शून्य फोहोर कार्यक्रम'



**युग संवाददाता**
**बाँके, १८ फागुन ।**

नेपालगन्ज उपमहानगरपालिका भित्रका विभिन्न विद्यालयमा सञ्चालित 'शून्य फोहोर कार्यक्रम' प्रभावकारी बन्दै गएको छ। सरोकारवालाले कार्यक्रमको प्रभावकारिताको विषयमा अनुगमन गर्ने क्रममा विद्यालय तथा विद्यार्थीहरूमा फोहोर व्यवस्थापन, फोहोरको वर्गीकरण र वातावरणमैत्री व्यवहारमा सकारात्मक परिवर्तन देखिएको बताएका हुन्।

विद्यालयहरूमा 'रिड्युस, रियुज र रिसाइकल' को अभ्यास, प्लास्टिक न्यूनीकरण तथा विद्यार्थीहरूमा वातावरण संरक्षणसम्बन्धी सचेतना अभिवृद्धि भएको पाइएको जनाइएको छ। कार्यक्रम सञ्चालित श्री देउतादिन माध्यमिक विद्यालय, नारायण मावि, धम्बोजी मावि, सरस्वती मावि, दारुल उलम बर्सीतिया मावि, ज्ञानोदय विद्या निकेतन र फुलटेक्रा माविमा अनुगमन गरिएको थियो। नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामहरि शर्माले कार्यक्रमले विद्यालयस्तरबाटै दिगो वातावरणीय अभ्यासको सुरुआत गरिएको उल्लेख गर्दै यसलाई दीर्घकालीन रूपमा निरन्तरता दिन आवश्यक रहेको बताए।

शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख गोर्खबहादुर थापाले विद्यार्थीमार्फत विद्यालय र समुदायसम्म सकारात्मक सन्देश प्रवाह हुने विश्वास व्यक्त गरे। सामाजिक विकास अधिकृत कृष्णप्रसाद जोशीले कार्यक्रममार्फत विद्यालयमा देखिएको सुधार उत्साहजनक रहेको भन्दै आगामी दिनमा थप विद्यालयमा कार्यक्रम विस्तार आवश्यक रहेको बताए।

सो कार्यक्रमअन्तर्गत विद्यार्थीलाई फोहोर तथा फोहोरसम्बन्धी अभ्यासहरूको परिचय, फोहोर वर्गीकरण यसको बुझाइ, 'थ्री आर' विधि, फोहोरबाट कम्पोष्टको उत्पादन, फोहोर जलाउँदा हुने असरहरू, विद्युतीय फोहोर व्यवस्थापन र फोहोर र जलवायु परिवर्तनको विषयमा कक्षा सञ्चालन गरिएको छ।

यसबाट विद्यालय परिसर सफा, स्वच्छ र वातावरणमैत्री बन्न सहयोग पुगेको सरोकारवालाहरूको भनाइ छ। विद्यालयमा शून्य फोहोर अवधारणा प्रभावकारी रूपमा कार्यान्वयन भएमा स्थानीय तहको समग्र वातावरण व्यवस्थापनमा समेत सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।

द कोकाकोला फाउन्डेसनको आर्थिक सहयोगमा बास नेपाल र स्वच्छ सफा नेपालद्वारा सञ्चालित ग्रिन नेपालगन्ज सामुदायिक फोहोर रुपान्तरण परियोजनाअन्तर्गत सञ्चालित विद्यालयमा शून्य फोहोर कार्यक्रमको आइतबार अनुगमन गरिएको हो।

अनुगमनमा नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामहरि शर्मा, शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख गोर्खबहादुर थापा, सामाजिक विकास अधिकृत कृष्णप्रसाद जोशी, बास नेपालका केन्द्रीय अध्यक्ष शिवकुमार वर्मालगायत सहभागी थिए।

**तनाव व्यवस्थापनमा परिवारको भूमिका**

- परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं।
- स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहान गरौं।
- सामाजिकरूपमा सक्रिय रहन सहयोग गरौं।
- घरपरिवारका सदस्यसँग नियमित कुराकानी गरौं।
- जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं।
- साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं।

**आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# एकअर्कालाई सरापेर देश बन्दैन !

प्रतिनिधिसभा सदस्य निर्वाचन आउन अब तीन दिन बाँकी छ । दलहरुले आउँदो बिहिबार हुने निर्वाचन लक्षित शक्ति प्रदर्शन सम्पन्न गरेका छन् । मौन अवधि सुरु हुनुअघि दलहरुले कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा तामझामका साथ चुनावीसभा सम्पन्न गरेका हुन् । आइतबार नेकपा एमालेले वीरेन्द्रनगरमा आयोजना गरेको विशाल चुनावीसभा सम्पन्न भएसँगै दलहरुका पूर्वनिर्धारित कार्यक्रम सकिएका हुन् । यसअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेपाली कम्यूनिष्ट पार्टी (नेकपा)ले आफ्नो शक्ति प्रदर्शन गरिसकेका छन् । दलहरुले यस पटक सुर्खेतलाई केन्द्र बनाएर ठुला प्रकृतिका चुनावी सभा गरेका थिए । प्रदेशको राजधानी भएकाले पनि दलहरुले सुर्खेतलाई आफ्नो प्रतिष्ठाको विषय बनाएका छन् । मौन अवधि सुरु हुनुअघि दलहरुले कर्णालीका १० वटै जिल्लाका नागरिकको बसोवास रहेको वीरेन्द्रनगरमा आफुलाई बलियो देखाउन प्रचारका विभिन्न माध्यमहरु अपनाएका छन् । गएराती १२ बजेबाट निर्वाचनको मौन अवधि सुरु भएको छ । निर्वाचन आयोगले दलहरुलाई ४ फागुनबाट चुनावीसभा गर्न समय दिएको थियो ।

यस अवधिमा दलहरुले विगतका चुनावमा जस्तै घरदैलो, चुनावीसभामार्फत भोट मागेका छन् । २३-२४ भदौको जेन-जी आन्दोलनपछि नियमित समयभन्दा दुई वर्ष अगावै हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा दलहरुले पुरानै एजेण्डमा मतदाता फकाउने प्रयास गरेका छन् । दलका उम्मेदवारहरुले मतदाता समक्ष पुरानै विकासी एजेण्डा प्रस्तुत गरेर मत मागेका छन् । यस पटक पनि विगत झै दलहरुले एकअर्कालाई सराप्नमै समय खर्चेका छन् । विशेष गरी यसपटकको निर्वाचनमा आफुलाई वैकल्पिक नयाँ राजनीतिक शक्ति ठान्ने रास्वपा र पुराना दलबीच निकै घोचपेच चलेको छ । रास्वापले देशमा भ्रष्टाचारले जडो गाडेको, सुशासन कायम हुन नसकेको, बेरोजगारी बढेको, अपेक्षाकृत विकासले गति लिन नसक्नुको प्रमुख कारण पुराना दलको थाप्लोमा हालेर मत प्रभावित पार्ने प्रयास गरेको छ । काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन शाहलाई भावी प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेर चुनावी मैदानमा होमिएको रास्वपाले पुराना दललाई निषेधको नजरले हेरेको देखिन्छ । पुराना दलकै कारण २३ भदौको आन्दोलन जन्मिएको रास्वपाको आरोप छ । यस्तै, परम्परागत दलहरुले रास्वपालाई अतिवादको संज्ञा दिदै भोट मागेका छन् । उनीहरुले रास्वपाकै डिजाइनमा जेन-जी आन्दोलन भएको दावी गर्दै आगामी चुनाव देश बनाउने र जलाउने शक्तिहरुका बीच भएको दावी गर्दै आएका छन् ।

पुराना दलहरुले रास्वपाका कारण संविधान र व्यवस्था नै खतरामा पर्ने आशंका गरेका छन् । चुनावीसभामा सम्बोधन गर्ने सबैजसो पुराना दलका नेताहरुले रास्वपाद्वारा नयाँ र पुराना भन्दै फैलाइएको भ्रम चिर्न पुरै शक्ति लगाएका छन् । उनीहरु रास्वपाप्रतिको पपुलर लहरका बीच आफ्ना सांगठनिक भोट जोगाउन रक्षात्मक देखिएका छन् । २०७९ को प्रतिनिधिसभा निर्वाचनबाट अस्तित्वमा आएको रास्वपाका पक्षमा देशभर देखिएको जनलहरले कर्णालीमा पनि पुराना दलहरुलाई चुनौती थपेको छ । यस पटकको चुनावका लागि दलहरुले जेन-जी आन्दोलनको मुलमर्मलाई संस्थागत गर्न कुनै पनि दलले खास एजेण्डा प्रस्तुत गरेनन् । यसले आगामी निर्वाचनबाट आउने सरकारले पनि सुशासनका क्षेत्रमा आशा जगाउन नसक्नेतर्फ संकेत गरेको छ । दलहरुले चुनावी प्रचार गर्दा एकअर्कालाई तथानाम गालिगलौचमा उत्रिए । तर उनीहरुले देश गालिले होइन भिजले बन्छ भन्ने तथ्य बिर्सिए । पक्कै पनि यो राम्रो पक्ष होइन । चुनाव लोकतन्त्रको सुन्दर पक्ष हो । भोट माग्ने बेला तथानाम आश्वासन देखाएर चुनाव जित्ने तर जनअपेक्षा पुरा नगर्ने नेताहरुको प्रवृत्तिले मतदाता आजित बनिरहेका छन् ।

# निष्पक्ष निर्वाचनका लागि सम्यक सञ्चार



एकराज पाठक/रासस

विकसित देशहरुमा मतदाताले आफ्ना उम्मेदवारहरुसँग प्रायः सञ्चारमाध्यम (मिडिया) मार्फत मात्र भेट्ने गर्दछन् । कैयौँ देशका उम्मेदवारले आफ्ना योजना, कार्यक्रम अर्थात् एजेन्डा टेलिभिजन बहसका माध्यमबाट राख्ने गरेको पाइन्छ । अहिले त यस्ता बहसका लागि युट्युब लगायत अन्य 'सोसिलय प्लेटफर्म' पनि उपलब्ध छन् । अनि जनताले यसैमार्फत् ती उम्मेदवारप्रति धारणा बनाउँछन् । उम्मेदवारका योजना, कार्यक्रमप्रतिको प्रतिक्रिया पनि मिडियामार्फत् नै दिने गर्दछन् । त्यसैले निर्वाचनमा मिडियाको भूमिका माध्यम मात्र नभएर साधन नै हो भन्दा पनि हुन्छ ।

चुनावका बेलामा उम्मेदवार, मतदाता र मिडियाका बीचमा त्रिपक्षीय सञ्चार अर्थात् सम्बन्ध स्थापित हुने गर्दछ । मिडिया, मतदाता र उम्मेदवार यो साइकलमा आपसी सम्बन्ध राख्छन् र एकले अर्काप्रति गर्ने सञ्चारको माध्यम नै बन्ने गर्दछन् । मिडिया अन्यत्र पहरेदार बनेजस्तै यहाँ भने मतदाता र उम्मेदवारका विचार प्रवाहका माध्यम र एक अर्काका सेतु बन्ने गर्दछन् । यतिखेर पनि नेपालमा मिडियाको भूमिका यस्तै नै छ । उम्मेदवार र मतदाताबीचका धेरै कुरा मिडिया मार्फत् नै सञ्चार भइरहेको देखिएको छ ।

आफूले मत दिनुपर्ने उम्मेदवारको छनोटका लागि हिजो उसले के काम गरेको थियो र भोलिका एजेन्डा र प्रतिबद्धता के हुन् भन्ने जानकारी नागरिक अर्थात् मतदाताले मिडियामार्फत नै लिने गर्दछन् । यी सबै सूचना प्राप्त गर्न तथा उम्मेदवार र मतदाताका बीचमा प्रभावकारी रुपमा सञ्चार गर्न मिडिया बाहेकको अर्को कुनै प्रभावकारी माध्यम नागरिकसामु छैन । त्यसैले निर्वाचनका बेला मिडियाका लागि अलग्गै आचारसंहिता जारी हुन्छ र मिडियाको भूमिकाको कुशल व्यवस्थापन आवश्यक पनि रहन्छ । चुनावका समयमा नागरिकले आफ्ना राजनीतिक दल या उम्मेदवारप्रतिका अपेक्षा, माग, गुनासा र समस्या राख्ने भरपर्दो माध्यम मिडिया नै हुन् ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प पहिलो पटक र त्यसअघिका राष्ट्रपति बाराक ओबामा पनि त्यहाँको सरकारी तहमा अथवा कुनै राजनीतिक दलको उच्च ओहदामा रहेर चिनिएका व्यक्ति थिएनन् । निर्वाचन अभियानमा मतदाताले उनीहरूका विचार, योजना र कार्यक्रमलाई मन पराए र मत दिए । अनि उनीहरुका विचार तथा कार्यक्रमलाई जनतासँग साक्षात्कार गराइदिने काम मिडियाले नै गरेका हामीले देखेका थियौँ ।

अर्को एउटा फरक प्रसङ्क के छ भने कतिपय देशमा मिडियाले नै कुनै उम्मेदवारलाई मत दिनुपर्ने तर्क नै अघि सार्ने पनि गरेका हुन्छन् । तर नेपालमा भने निर्वाचनका समयको मिडियाको यो कार्य अपवाद बन्न सक्छ, किनभने यहाँ मिडियाले त्यसो गर्दा कुनै उम्मेदवार या पार्टी विशेषको पक्षधरता लिन पनि सक्छन् । कुनै पार्टी या उम्मेदवारलाई मत दिनुपर्ने कारण मिडियाले सार्वजनिक रुपमै प्रस्तुत गरिदिन्छन् तर कुनै पक्षधरता नभएर विषयका आधारमा । मिडियाका ती तर्क र कारणहरु कसैप्रति विभेदपूर्ण हुँदैनन्, तथ्यमा आधारित हुन्छन् । यस्तो कार्य मिडियाले स्वतन्त्र र तटस्थ रुपमा गरेको हुन्छ । मिडियाले सार्वजनिक रुपमा स्थापित गरिदिएको यो परिस्थितिबाट नागरिकलाई पनि आफूले मत दिने उम्मेदवार छन्न सहज हुने गर्दछ । यस कामका लागि मिडियाले कुनै उम्मेदवारलाई धोइ पखाली नगरी जस्ताको तस्तै प्रस्तुत गरिदिन्छ । मिडियाले तर्क या आधारविना नै कुनै पक्ष, उम्मेदवार या पार्टी विशेषको पक्षधरता लिएर वकालत गर्न भने मिल्दैन ।

यो पनि एक प्रकारको मतदाता शिक्षा नै हो र यसले नागरिकलाई आफ्नो लोकतान्त्रिक अधिकार कसरी प्रयोग गर्ने भनेर जानकारी प्रदान गर्ने गर्दछ । मिडियाले हरेक नागरिकलाई आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गर्ने अथवा निर्वाचनमा मतदान गर्ने तरिकाका बारेमा शिक्षा प्रदान गर्दछ । यसमा दुई प्रकारको सन्देश हुन्छ । पहिलो नागरिकले किन आफ्नो मताधिकार प्रयोग गर्ने भन्ने हुन्छ भने अर्को प्रक्रियागत रुपमा नै मतदान कसरी गर्ने भनेर दिइने जानकारी समेटिएको हुन्छ । यी दुई सन्दशेमा नै सही र राम्रो विधायक किन र कसरी छान्ने भन्ने कुरा पनि पर्दछ ।

निर्वाचन प्रक्रियाको रिपोर्टिङ गर्ने क्रममा नै राजनीतिक पार्टी र उम्मेदवारलाई मतदातासँग संवाद गर्ने अवसर मिडियाले जुटाइदिन्छन् । सर्वसाधारणले आफ्ना जिज्ञासा र गुनासा, सरोकार, विचार र आवश्यकताका बारेमा राजनीतिक दल, उम्मेदवार, निर्वाचन गर्ने निकाय, सरकार तथा आफूजस्तै मतदातालाई जानकारी दिने र आपसी अन्तर्क्रिया गर्ने अवसर पनि मिडियाले नै प्रदान गर्ने गर्दछन् ।

यसरी मिडियाले सामाजिक उत्तरदायित्वको सिद्धान्तको आत्मसात गरी निर्वाचनका समयमा काम गर्ने गर्दछ । निर्वाचन प्रणालीबारे साक्षरता बढाउने विधिका रूपमा पनि मिडियाको भूमिका रहन्छ । कम मत खस्ने तथा खसेका मतमध्ये पनि कतिपय मत बदर हुने जस्ता समस्याको समाधान गर्न मिडियाले प्रशिक्षकको भूमिका मार्फत योगदान गर्न सक्छ ।

लोकतान्त्रिक प्रणालीलाई जीवन्त बनाइराख्न आवधिक निर्वाचन अनिवार्य सर्त हो । जब कुनै पनि बहाना खोजेर निर्वाचन 'आज नगरौँ पछि गरौँ' भन्ने प्रपञ्चमा कुनै सरकार लाग्छ भने त्यो सरकारमा स्वतः लोकतान्त्रिक आचरणको कमी देखिन्छ । भनिन्छ, प्रजातन्त्रमा जनताले निर्वाचित नगरेका कुनै व्यक्तिले शासन गर्न पाउँदैनन् । दुनियाँमा विद्यमान लोकतन्त्रको मान्यता पनि यही हो । लोकतन्त्रलाई जीवन भर्न आवश्यक पर्ने केही तत्वमध्ये निर्वाचन सबैभन्दा महत्वपूर्ण र अत्यावश्यक तत्व हो । अनि आवधिक निर्वाचनलाई निष्पक्ष रूपमा सफल बनाउन सुसूचित नागरिकको सहभागिता पनि त्यत्तिकै आवश्यक पर्दछ । त्यसैले निर्वाचनका समयमा मिडियाको महत्व रहेको हुन्छ ।

विश्वका बहुदलीय प्रतिस्पर्धात्मक शासन व्यवस्था भएका लोकतान्त्रिक राज्यमा स्वीकारिएको मत र विधि निर्वाचन नै हो । त्यसैले निर्वाचन र यससँग जोडिने हरेक प्रक्रियामा मिडियाको भूमिका महत्वपूर्ण र संवेदनशील रहने गर्दछ । मतदाताको मत दिने अधिकार हो भने उम्मेदवारको मत माग्ने अधिकार । यी दुवै अधिकारको सम्मान मिडियाबाट पनि सम्यक रुपमा हुनुपर्दछ । कुनै उम्मेदवारले आफ्नो मतमाग्ने अधिकार प्रयोग गरेको अवस्थालाई पक्षधरता लिएर माथि पुर्‍याइदिने र अर्को कुनै उम्मेदवारले त्यही अधिकार प्रयोग गर्दा त्यसमाथि उपेक्षा गरिदिने जस्ता मिडियाका व्यवहार असन्तुलित ठहरिन्छन् ।

किनभने त्यहाँ मतदाता एकैथरि छन् तर उनीहरुसँग मत माग्ने उम्मेदवार भने कैयौँ छन् । चुनावका बेलामा मिडियाले पुर्‍याउनुपर्ने खास विवेक भनेकै यही हो । जुन पक्षधरताविहीन हुनुपर्दछ र सबै दल, उम्मेदवार र मतदाताप्रति सन्तुलित र सम्यक दृष्टिकोण राख्नुपर्दछ ।

अघिल्लो अर्थात् विसं २०७९ को प्रतिनिधिसभाको निर्वाचनलाई पनि एउटा सफलताको कथाका रुपमा हामीले लिन सक्दछौँ । किनभने शान्ति सुरक्षासहित एकैदिन देशभर मतदान, निष्पक्ष निर्वाचन, पर्चा पम्प्लेट बिना नै देशव्यापी रुपमा गरिएको चुनाव प्रचार, सामाजिक सञ्जालामा देखिएको मिथ्या सूचना र भ्रमपूर्ण अभिव्यक्तिको नियन्त्रण त्यस चुनावका राम्रा उदाहरणहरु हुन् । मिडियाले यी राम्रा उदाहरणलाई सफलताका कथाका रूपमा प्रचार गरिदिने हो भने यसले निर्वाचनसम्बद्ध निकाय र कर्मचारीलाई अबका निर्वाचनमा पनि राम्रा र सकारात्मक उदाहरणलाई अनुसरण गर्न प्रेरणा मिल्नेछ । त्यसैगरी पछिल्लो समयमा घट्दै गएको बदर मत सङ्ख्या तथा राजनीतिक दलहरुले आफैँले आफ्ना निर्वाचन क्षेत्रमा पुगेर दिएका जानकारीहरु पनि निर्वाचनका सकारात्मक उदाहरण हुन् ।

त्यसैले निर्वाचनका समयमा मिडिया आफैँ स्वतन्त्र र निष्पक्ष हुनु जरुरी छ । कतै ढल्किएको या तर्किएको मिडियाका कारण निर्वाचनको निष्पक्षतामाथि नै असर गर्न सक्छ । मिडियाको तागत निष्पक्षता, स्वतन्त्रता र निर्भयतामा नै छ । कसैको लोभलालचमा फसेको मिडियासँग दरिलोसँग प्रश्न गर्ने दम नै हुदैन । अभाव, दबाब र प्रभावबाट मुक्त मिडियाले मात्र सही प्रश्न उठान गर्न सक्छ र सामाजिक चेतनाका लागि जनता जगाउन सक्छ । अनि यस्ता मिडियाले मात्र मुलुकमा निष्पक्ष निर्वाचनका लागि सघाउन सक्छ ।

यसकारण मिडिया सदैव स्वतन्त्रता भन्ने शब्दसँगै जोडिएर आउने गर्दछ । स्वतन्त्रता र निष्पक्षता मिडियाको स्वभाव र कामका पर्यायवाची शब्द हुन् । कुनै खेलका 'रेफ्री' ले जति निष्पक्षतापूर्वक खेल सञ्चालन गर्न सघाउँछ त्यति नै त्यो खेल मर्यादित भएजस्तै मिडियाले पनि 'रेफ्री'को भूमिका निर्वाह गर्नसक्दा सामाजिक मर्यादा कायम रहन्छ । निर्वाचनका बेलामा पनि मिडियाको यस्तै भूमिका सर्वत्र अपेक्षित हुन्छ ।

समग्र मिडिया एवं सामाजिक सञ्जालका प्रयोगकर्ताले पनि आजका दिनमा बुझ्नुपर्ने कुरा के हो भने अहिलेको निर्वाचन फरक र विशेष खालको हो । हुनत सबै निर्वाचनले कुनै न कुनै सन्देश र फरक अवस्था या प्रसङ्ग बोकेकै हुन्छ । तर पनि देशमा भएका धेरै पटक र खालका आन्दोलनमध्ये गत भदौमा भएको आन्दोलन फरक विषय र परिवेशको थियो । कुनै राजनीतिक पार्टीले अघि सारेको नभएर जेनजी पुस्ताले थालेको आन्दोलनबाट नै राज्यसत्तामा ठूलो परिवर्तन आयो र अहिले त्यो आन्दोलनको छ महिनामा नै निर्वाचन हुन गइरहेको छ ।

सो आन्दोलनले शासन सत्तमा युवा पुस्ताको सहभागिता र सुशासनको प्रत्याभूतिको माग अघि सारेको थियो । यिनै दुई परिस्थितिको आवरणभित्र यो चुनाव हुन गइरहेको छ । त्यसैले यो चुनाव आवधिक नभएर आकस्मिक हो र सहज नभएर असहज अवस्थामा हुन गइरहेको छ । यस पटकको निर्वाचनमा अघिल्ला निर्वाचनमा जस्तो तयारीका लागि आवश्यक समय पनि थिएन । यसकारण पनि यो निर्वाचनको विशेषता र विशिष्ठता बुझेर देशका मिडिया तथा सबै राज्य संयन्त्रले आवश्यक सहयोग गर्नुपर्ने अवस्था छ ।

## विश्व

# इजरायल-इरान तनावले एसियाली बजारमा कच्चा तेल र ग्यासको मूल्य बढ्यो

**काठमाडौं, १८ फागुन ।**

इरानमा अमेरिका-इजरायल संयुक्त आक्रमण र त्यसपछिको क्षेत्रीय तनावले विश्व ऊर्जा बजारलाई तीव्र झट्का दिएको छ । होर्मुज जलडमरूमध्य आसपास असुरक्षा चुलिँदा सोमबार एसियाली बजार खुल्नेबित्तिकै कच्चा तेल र ग्यासको मूल्य उकालो लाग्यो भने सेयर बजारहरू गहिरो गिरावटमा पुगे ।

इस्लामिक गणतन्त्र इरानमा सर्वोच्च नेता अयातुल्ला अली खामेनीसहित वरिष्ठ अधिकारीहरूको ज्यान जाने गरी भएको हमलापछि ब्रेन्ट क्रुड सुरुवाती कारोबारमा झन्डै १४ प्रतिशत र वेस्ट टेक्सास इन्टरमिडियेट करिब १२ प्रतिशतले उक्लिएको थियो । विश्व समुद्री तेल आपूर्तिको करिब २० प्रतिशत बग्ने होर्मुज जलडमरूमध्य प्रभावकारी रूपमा अवरुद्ध भएको, केही जहाजमा आक्रमण भएको र बीमा लागत आकासिएको खबरले आपूर्ति अवरोधको डर झन् बढाएको हो । पछि केही लाभ घटे पनि कच्चा तेल नौ प्रतिशतभन्दा बढी माथि नै रह्यो भने युरोपेली ग्यासको मूल्य २० प्रतिशतभन्दा बढीले बढ्यो ।

टोकियो, हङकङ, सिङ्गापुर, मुम्बई, बैङ्कक, वेलिङ्गटन र ताइपेईका सेयर बजारहरू रातााम्मे देखिए । लन्डन झन्डै एक प्रतिशत घट्दा फ्रान्कफर्ट र पेरिसमा दुई प्रतिशतभन्दा बढी गिरावट आयो । साङ्घाई भने सामान्य सुधारमा रह्यो र सिड्नी स्थिरजस्तै देखियो । अमेरिकी मुद्रा प्रारम्भमा कमजोर बने पनि पछि सुरक्षित लगानीतर्फको आकर्षणका कारण डलर र सुन दुवै बढेका छन्, जसमा सुन झन्डै दुई प्रतिशतले उक्लिएको छ ।

क्षेत्रीय उडान रद्द हुन थालेपछि एयरलाइन्स कम्पनीहरूको सेयरमा तीव्र गिरावट आयो । हङकङको क्याथे प्यासिफिक चार प्रतिशत, सिड्नीमा सूचीकृत क्वान्टास ५.४ प्रतिशत, सिङ्गापुर एयरलाइन्स ४.८ प्रतिशतले घटे । जापानका एएनए र जेएएल पनि पाँच प्रतिशतभन्दा बढी ओरालो लागे । यसको विपरीत ऊर्जा कम्पनीहरू भने उक्लिएस अस्ट्रेलियाका वुडसाइड एनर्जी र सान्तोस छ प्रतिशतभन्दा बढीले बढे, पेट्रोचाइना करिब चार प्रतिशत माथि पुग्यो र जापानको इन्पेक्सले पनि उल्लेख्य वृद्धि गर्‍यो ।

इरानले औपचारिक रूपमा जलडमरूमध्य बन्द नगरे पनि रिभोलुसनरी गार्ड्सले जहाजलाई सावधानी अपनाउन चेतावनी दिएको छ । ओमान र युएईको तट नजिक दुई जहाज ठोक्किएको र एउटा तेल ट्याङ्करमा प्रहार भई डुबेको इरानी सञ्चारमाध्यमहरूले जनाएका छन् । प्रमुख ढुवानी कम्पनीहरूले आफ्ना जहाजहरूको मार्ग परिवर्तन गरिसकेको पुष्टि गरेका छन् । विश्लेषक अमेना बक्रका अनुसार अवस्था लम्बिए कच्चा तेलको मूल्य ९० डलर नाघ्न सक्छ र रणनीतिक भण्डारले पनि पूरै कमी धान्न नसक्ने जोखिम छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |
| जिल्ला अस्पताल कालीकोट | : ०८७- |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ । | तुला | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । आयआर्जनका स्रोत फेला पर्नेछन् । प्रयत्न गर्दा जिन्सीलाई नगदमा रूपान्तरण गर्न सकिनेछ । |
| वृष | आलस्य गर्नाले काम बिग्रन सक्छ । साथीभाइ टाढिनेछन् भने अरूको फाइदाका लागि उपयोग भइएला । | वृश्चिक | राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुनेछ । मेहनत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ । |
| मिथुन | आवश्यक पर्दा सहयोगीहरूले साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । | धनु | सामाजिक काममा रुचि बढ्नेछ । धर्ममा श्रद्धा र परोपकारमा मन जानेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ । |
| कर्कट | अध्ययनमा प्रगति हुने समय छ । लेखन तथा सिर्जनात्मक कामबाट ख्याति मिल्न सक्छ । प्रयत्न गर्दा बोलीको भरमा काम बन्नेछ । | मकर | कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ । अस्वस्थताले काममा जुट्न नसकिएला । सामान्य काममा धन र श्रम खर्च हुनेछ । |
| सिंह | दिन रमाइलो रहनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन् । पहिलेको सफलताले हौसला जगाउनेछ । | कुम्भ | दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ । प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । परिवेश उल्लासमय रहनेछ । व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ । |
| कन्या | अर्थअभाव खट्किए पनि आवश्यक पर्दा कर्जामार्फत धन जुट्नेछ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । | मीन | रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । परिस्थितिसँग सम्झौता गर्नुपरे पनि प्रयत्न गर्दा लक्ष्यमा पुग्न |

# जुम्लामा ९२५ जना अस्थायी मतदाता

**युग संवाददाता**
**जुम्ला, १८ फागुन ।**
यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हिमाली जिल्ला जुम्लामा ९२५ जना अस्थायी मतदाताको सङ्ख्या रहेको छ। जिल्ला अस्थायी मतदाताका यहाँका दुई वटा अस्थायी मतदान केन्द्र कायम गरिएको जिल्ला निर्वाचन कार्यालय जुम्लाका निर्वाचन अधिकारी दिपेन्द्र कँडेलले जानकारी दिए।

जिल्लामा रहेका सरकारी कर्मचारी तथा कारागारका कैदीबन्दी, सुरक्षा निकायलगायत ९२५ जनाले अस्थायी मतदाताअन्तर्गत प्रतिनिधिसभाको समानुपातिकतर्फको मतदान गर्न पाउने निर्वाचन अधिकारी कँडेलको भनाइ छ।

निर्वाचनको लागि मतदान केन्द्रमा खटिएका कर्मचारीले आफू खटिएको ठाउँमा नै मतदान गर्न पाउने व्यवस्था गरेको छ। अन्यको मतदाताको हकमा भने सदरमुकाम खलङ्गा बजारमा रहेको खाद्य तथा व्यापार कम्पनीको शाखा कार्यालय जुम्लाको प्राङ्गणमा र जिल्ला कारागार कार्यालयमा अस्थायी मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन कार्यालय जुम्ला निर्वाचन अधिकारी कँडेलले बताए।

निर्वाचनका लागि जिल्लामा कूल मतदाता सङ्ख्या पुरुष र महिला गरी जम्मा ७१ हजार ७३९ जना रहेका छन्। छ सय ५४ जना कर्मचारी निर्वाचनका लागि परिचालन भएका छन्। जिल्लाभर ११० मतदान केन्द्र र ८५ वटा मतदानस्थल कायम गरिएको निर्वाचन कार्यालय जुम्लाले जनाएको छ। जिल्लाको एकमात्र निर्वाचन क्षेत्र रहेकामा नौ वटा राजनीतिक दल र एक स्वतन्त्र उम्मेदवार गरी १० जना उम्मेदवारले निर्वाचनमा माग लिएका छन्।

मदिरा बिक्रीवितरणमा रोक

जुम्लामा जिल्ला प्रशासन कार्यालयले यहीँ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन अवधिभर यहाँका आठवटै स्थानीय तहमा पूर्ण रूपमा मदिरा बिक्री वितरणमा रोक लगाएको छ।

निर्वाचनलाई शान्तिपूर्ण वातारण, स्वच्छ, निष्पक्ष र मर्यादित तरिकाले सम्पन्न गराउने उद्देश्यले मदिराजन्य पदार्थ बिक्रीवितरणका साथै सेवनमा रोक लगाएको प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले जानकारी दिए।

प्रशासनले जारी गरेको सार्वजनिक सूचनाअनुसार फागुन १५ गतेदेखि निर्वाचनको अन्तिम मतपरिमाण घोषणा नभएसम्म जिल्लाभर सबै प्रकारका मादक पदार्थहरू बिक्रीवितरण र सेवन गर्न निषेध गरिएको जिल्ला प्रशासन कार्यालय जुम्लाले जनाएको छ। प्रशासनको उक्त कार्यलाई अवज्ञा गरी मदिरा बिक्री वितरण वा सेवन गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही गरिने प्रशासनले जनाएको छ।

# आगामी आर्थिक वर्षको राजस्व नीति माथि सुझाव माग

**युग संवाददाता**
**काठमाडौँ, १८ फागुन ।**
आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत अवलम्बन गरिने करका दर तथा राजस्व नीतिमाथि सरकारले सुझाव माग गरेको छ। बजेट तर्जुमा अघि राजस्व नीति, कर संरचना, भन्सार दर, राजस्व प्रशासन तथा समष्टिगत आर्थिक सुधारका विषयमा ठोस सुझाव सङ्कलन गर्ने उद्देश्यले गत माघ २८ गतेको मन्त्रिस्तरीय निर्णयबाट गठन भएको राजस्व परामर्श समितिले यस्तो सुझाव माग गरेको हो।



राजस्व सचिवको संयोजकत्वमा गठित समितिले आगामी चैत ३० गतेभित्र सुझाव दिइसक्न भनेको छ। अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र अर्थ मन्त्रालयअन्तर्गतका विभिन्न विभाग तथा कार्यालयमार्फत समितिलाई सुझाव दिन सकिनेछ।

राजस्व परामर्श समितिलाई आयकर, मूल्य अभिवृद्धि कर (भ्याट), अन्तःशुल्क, शिक्षा सेवा शुल्क, डिजिटल सर्भिस ट्याक्स, ई-कमर्समा लाग्ने कर तथा आर्थिक ऐनबमोजिमका अन्य आन्तरिक करसम्बन्धी नीतिगत तथा कानुनी सुधारका विषयमा सुझाव दिन कार्यादेश दिइएको छ। करका दर पुनरावलोकन, प्रक्रिया सरलीकरण, कर प्रणाली सुधार तथा राजस्व प्रशासन र सङ्गठन संरचनामा आवश्यक सुधारबारे सिफारिस गर्ने जिम्मेवारी पनि समितिले पाएको छ।

त्यसैगरी औद्योगिक प्रवर्द्धन तथा संरक्षण, आयात-निर्यात, सेवा व्यापार, लगानी प्रवर्द्धन, आपूर्ति व्यवस्थापन तथा कर तथा गैरकर प्रोत्साहनका विषयमा नीतिगत र कानुनी सुधारका सुझाव पनि समितिले तयार गर्नेछ। भन्सार दर पुनरावलोकन, आन्तरिक उत्पादन संरक्षणका उपाय, मूल्याङ्कन प्रणाली सुधार, व्यापार सहजीकरण, सीमा व्यवस्थापन तथा भन्सार प्रशासन सुधारसम्बन्धी विषय पनि कार्यक्षेत्रभित्र समेटिएका छन्।

राजस्व चुहावट नियन्त्रण, चोरी निकासी-पैठारी नियन्त्रण, विदेशी विनिमय नियमन, आर्थिक अपराध नियन्त्रण, सम्पत्ति शुद्धीकरण अनुसन्धान तथा त्यसका लागि आवश्यक कानूनी र संगठनात्मक सुधारका विषयमा समितिले अध्ययन गरी सुझाव दिनेछ। कृषि, ऊर्जा, पर्यटन, नागरिक उड्डयन तथा प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्रका राजस्व तथा नीतिगत सुधारका विषय पनि समावेश गरिएका छन्।

बैंक, वित्तीय संस्था, बिमा, रेमिटेन्स, पुँजी बजार, सहकारी र घरजग्गा कारोबारमा देखिएका समस्या र तिनको समाधान, राजस्व परिचालनसँग सम्बन्धित विषयमा पनि समितिले सिफारिस गर्नेछ। गैरकर राजस्वका नयाँ क्षेत्र पहिचान, दर निर्धारण तथा पुनरावलोकन, सङ्घ-प्रदेश-स्थानीय तहबीचको कर दोहोरोपनाको समस्या समाधान, अन्तरसरकारी राजस्व व्यवस्थापन र राजस्व बाँडफाँट सुधारका विषयमा पनि सुझाव दिने कार्यादेश छ।

समितिले अन्तरराष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय अर्थतन्त्रको तुलनात्मक विश्लेषण गर्दै आर्थिक विकाससँग सम्बन्धित विषयमा सुझाव दिनेछ। करको दायरा विस्तार, नयाँ कर लागू वा खारेज गर्ने विषयमा अध्ययन-अनुसन्धान गरी सम्बन्धित क्षेत्रका विज्ञ, उद्योगी तथा व्यवसायीसँग छलफल गरेर सिफारिस गर्ने व्यवस्था गरिएको छ।

समितिको प्रभावकारी कामका लागि विभिन्न विषयगत नौ वटा उपसमिति गठन गरिएको पनि अर्थ मन्त्रालयले जनाएको छ। आन्तरिक राजस्व उपसमितिले आयकर, भ्याट, अन्तःशुल्क, डिजिटल करलगायत आन्तरिक करसम्बन्धी सुधारका विषयमा काम गर्नेछ। भन्सार उपसमितिले भन्सार दर, मूल्याङ्कन प्रणाली, व्यापार सहजीकरण तथा सीमा व्यवस्थापनमा केन्द्रित भई सुझाव तयार पार्नेछ।

राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धान उपसमितिले चुहावटका प्रवृत्ति विश्लेषण, नियन्त्रणका उपाय तथा विदेशी विनिमय र आर्थिक अपराध नियन्त्रणका विषय सम्हाल्नेछ। उद्योग, वाणिज्य, लगानी तथा निर्यात प्रवर्द्धन उपसमितिले औद्योगिक संरक्षण, व्यापार नीतिगत सुधार तथा प्रोत्साहनका विषयमा सिफारिस गर्नेछ।

त्यस्तै, कृषि, ऊर्जा तथा पर्यटन क्षेत्र उपसमितिले कृषि व्यवसायीकरण, विद्युत् उत्पादन, पर्यटन प्रवर्द्धन तथा प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी सुधारका विषय अध्ययन गर्नेछ। बैंक, वित्तीय संस्था, बिमा, सहकारी तथा पुँजी बजार उपसमितिले वित्तीय क्षेत्रका समस्या र राजस्व परिचालनबीचको सम्बन्धबारे सुझाव दिनेछ।

गैरकर तथा अन्तरसरकारी राजस्व व्यवस्थापन उपसमितिले गैरकर राजस्वका स्रोत, दर तथा सङ्घीय संरचनामा देखिएको कर दोहोरोपनाको समाधानबारे काम गर्नेछ। समष्टिगत आर्थिक उपसमितिले आर्थिक परिसूचक, राजस्व सम्भाव्यता र प्रक्षेपण विश्लेषण गर्नेछ भने सम्पत्ति शुद्धीकरण निवारण तथा अनुसन्धान उपसमितिले एफएटीएफको ग्रे लिस्टबाट बाहिरिने रणनीतिसहित जोखिम विश्लेषण र सुधारका उपाय सिफारिस गर्नेछ।

आगामी आर्थिक वर्षको बजेटमार्फत अवलम्बन गरिने कर नीतिका सन्दर्भमा सम्बन्धित सरकारी निकाय, निजी क्षेत्रका प्रतिनिधिमूलक सङ्घसंस्था, प्राज्ञिक क्षेत्र, सरोकारवाला निकाय तथा सर्वसाधारणबाट सुझाव आह्वान गरिएको पनि अर्थ मन्त्रालयले जनाएको छ।

# हिउँ पन्छाएसँगै नारा सडक सञ्चालनमा

**युग संवाददाता**
**हुम्ला, १८ फागुन ।**
माघ दोस्रो हप्ता परेको हिमपातले अवरुद्ध नारा सडक खण्ड आजदेखि सञ्चालनमा ल्याइएको छ। उत्तरी नाम्खा गाउँपालिका-५ स्थित नारा लेकको हिउँ पन्छाएसँगै अवरुद्ध सडक सञ्चालनमा आएको हो।

यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी चार हजार ९४९ मिटरको उचाइमा रहेको नारा लेकको हिउँ पन्छाइएको हो। कर्णाली करिडोर हिल्सा सिमकोट सडक योजना कार्यालयले नारा लेकको हिउँ पन्छाएपछि हिमपातले अवरुद्ध सडक खुलेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

हिउँ पन्छाएपछि हिल्सा नाका हुँदै लिमी आउजाउ गर्न सकिने जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शङ्कर खड्काले बताए। त्यसैगरी, नाम्खा गाउँपालिका-६ को पाँच हजार दुई मिटर उचाइको न्यालु लेकको हिउँ पन्छाउन नाम्खा गाउँपालिका-६ का वडाध्यक्ष पाल्जोर तामाङ नेतृत्वको टोली त्यसतर्फ गएको छ। न्यालु सडक खुलाउन अझै केही दिन लाग्ने जनाइएको छ।

# हिउँ पन्छाइएपछि साङ्ता मतदान केन्द्र जाने सडक सञ्चालनमा

**युग संवाददाता**
**मुस्ताङ, १८ फागुन ।**
मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-५ स्थित साङ्ता मतदान केन्द्र जाने (मुस्ताङ–डोल्पा) सडक हिउँ लगातार ६ दिनसम्म पन्छाइएपछि सञ्चालनमा आएको छ। जिल्ला प्रशासन कार्यालयको समन्वयमा वारागुङ मुक्तिक्षेत्र गाउँपालिका र सडक डिभिजन कार्यालय बाग्लुङको डोजर प्रयोग गरी सडक सञ्चालनमा ल्याइएको हो।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि साङ्ता गाउँबाहिर रहेका मतदातालाई गाउँ फर्काउन र मतदानस्थलको सुरक्षामा खटिने कर्मचारी तथा सुरक्षा निकायलाई उक्त मतदान केन्द्रसम्म आउजाउ गर्न असहज भएकाले सडकको हिउँ पन्छाएर सडक सञ्चालनमा ल्याइएको वारागुङ मुक्तिक्षेत्रका अध्यक्ष रिनजिननामगेल गुरुङले जानकारी दिए।

मुस्ताङ र डोल्पा जिल्लाको सिमानामा पर्ने साङ्ता गाउँस्थित हिमाली आधारभूत विद्यालय मतदान केन्द्र जाने (मुस्ताङ–डोल्पा) सडक गत कात्तिक १० गते र त्यसयता तीनपटक परेको हिमपातले पूर्ण रूपमा अवरुद्ध भएको थियो।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष गुरुङका अनुसार मुस्ताङको साङ्तास्थित हिमाली आधारभूत मतदान केन्द्र जाने करिब सात किलोमिटर सडकको बाक्लो हिउँ डोजरको सहायताले पन्छाइएपछि सडक सञ्चालनमा आएको हो। यही फागुन २१ गते हुने निर्वाचनका लागि गाउँपालिकाको लगानीमा सडक खुलाइएको अध्यक्ष गुरुङको भनाइ छ।

साङ्ता मतदान केन्द्र जाने सडक कतिपय स्थानमा १३ फिटसम्म हिउँ जमेर अवरुद्ध भएको थियो। वडाध्यक्ष सुरेन्द्र गुरुङका अनुसार हिउँ पन्छाइएपछि साङ्ता गाउँ तथा डोल्पा जाने छुकसम्वसम्मको सडक सञ्चालनमा आएको छ। हिउँ पन्छाएपछि माथिल्लो डोल्पाको छार्कातान्सुङ गाउँपालिकाका मतदाता आ-आफ्नो गाउँ प्रस्थान गरेका छन्। सडकको हिउँ पन्छाइएपछि माथिल्लो डोल्पाका नागरिकलाई खाद्यान्न ढुवानी गर्न समेत सहज भएको वडाध्यक्ष गुरुङले जानकारी दिए।

त्यसैगरी, मुस्ताङ–डोल्पा सडकको जोड्ने साङ्ता मतदान केन्द्र जाने सडकको हिउँ पन्छाइएपछि जोमसोमबाट नेपाल विद्युत् प्राधिकरणका कर्मचारीले तीन महिनादेखि अवरुद्ध रहेको टेलिफोन टावर मर्मत गरिसकेको वडाध्यक्ष गुरुङले बताए। यसअघि मुस्ताङको साङ्तास्थित हिमाली आधारभूत विद्यालय मतदान केन्द्रलाई सोही वडाको फल्याकमा सार्न त्यहाँको वडा कार्यालयले सम्बन्धित निकायलाई लिखित अनुरोध गरेको थियो। तर, जिल्ला स्तरमा मतदान केन्द्र सार्ने विषयमा सहमति नहुँदा उक्त मतदान केन्द्र नै कायम भएको थियो।

साङ्तामा १३ घरधुरीका ३९ मतदाता छन्। विसं २०७९ को निर्वाचनमा साङ्ता गाउँमा ३४ मतदाता रहेका थिए। साङ्ता मुस्ताङ र डोल्पाको सीमावर्ती गाउँ हो। त्यहाँका नागरिक बर्सेनि हिउँदयामको जाडो छल्न गाउँ छोडेर मुस्ताङको जोमसोम आसपासका गाउँमा बस्ने गर्छन्।

## चुनाव...

दफा १७ बमोजिम यस अवधिमा राजनीतिक दलका पदाधिकारी, उम्मेदवार, दलको भ्रातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले निर्वाचन आचारसंहिता प्रतिकूलका कुनै पनि गतिविधि नगर्नसमेत आयोगले आग्रह गरेको छ।

निर्वाचन प्रचारप्रसार निषेध गरिएको अवधिमा उपरोक्तबमोजिम कार्य भए गरेको पाइएमा केन्द्रीय आचारसंहिता अनुगमन समिति, आचारसंहिता अनुगमन टोली, जिल्ला आचारसंहिता अनुगमन समिति, स्थानीय प्रशासन, सुरक्षाकर्मी, अनुगमन अधिकृतबाट समेत सूक्ष्म अनुगमन गरी कारबाही गरिने आयोगले जनाएको छ।

## हेलिबाट...

निर्वाचन सामाग्री र कर्मचारीलाई पुऱ्याइएको उनले बताए।

प्रजिअ रेग्मीका अनुसार नाम्खा गाउँपालिका-६, को हिमशिखर प्राथमिक विद्यालयल तिल गाउँ, सुनखानी आधारभूत विद्यालय हल्जी र भृकुटी आधारभूत विद्यालयमा रहेका मतदान स्थलमा हेलीमार्फत निर्वाचन सामग्री र कर्मचारी पठाइएको हो। माघ दोस्रो हप्ता परेको हिमपातले अवरुद्ध नारा सडक खण्ड सोमबारदेखि सञ्चालनमा ल्याइएको पनि उनले बताए।

कर्णाली करिडोर हिल्सा सिमकोट सडक योजना कार्यालयले नारा लेकको हिउँ पन्छाएपछि हिमपातले अवरुद्ध सडक खुलेको हो। उनका अनुसार नाम्खा गाउँपालिका-६ को पाँच हजार दुई मिटर उचाइको न्यालु लेकको हिउँ पनि पन्छाउने काम जारी छ। यस्तै, डोल्पाको उत्तरी क्षेत्रमा पर्ने २३ मतदान स्थल मध्ये २० वटामा निर्वाचन सामग्री र कर्मचारीलाई हेलिकप्टरबाट पठाइएको डोल्पाका प्रमुख जिल्ला अधिकारी जुनु हमाल ढकालले जानकारी दिइन। उपल्लो डोल्पाका तीन वटा मतदान स्थलमा मंगलबार हेलिबाट कर्मचारी र निर्वाचन सामग्री पुग्ने उनले बताइन। उनका अनुसार मतदान स्थल सुरक्षार्थ नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना तैनाथ भइसकेको छ।

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

आर्थिक प्रस्ताब खोल्ने बारेको सूचना

(प्रकाशित मितिः २०८२/११/१९)

यस कार्यालयबाट मिति २०८२ पुस १८ गतेका दिन प्रकाशित वोलपत्र आव्हानको सूचना बमोजिम e-submission अर्थात विद्युतीय माध्यम www.bolpatra.gov.np/egp बाट प्राप्त बोलपत्रदाताहरुले पेश गरेका बोलपत्रहरुको प्राबिधिक प्रस्ताब मुल्यांकन गर्दा तपसिलका बोलपत्रदाताहरु सारभूत रुपमा प्रभाबग्राही देखिएको हुँदा सार्बजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१(ङ) को उपनियम (५) बमोजिम निजहरुको आर्थिक प्रस्ताब मिति २०८२ फागुन २६ गते मंगलवारका दिन दिनको ११:०० (एघार) बजे यस कार्यालयमा खोल्ने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र. सं. | ठेक्का नं. | आयोजना विवरण | उत्तीर्ण बोलपत्रदाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| 1 | NCB/BM/W/082/083/52 | Construction of Manab Sewa Aashram (Female Block), Birendranagar 11, Surkhet | Manik Builders Birendranagar 3, Surkhet | |
| | | | Jagannath/Seabird JV Kathmandu | |
| | | | BABITA/STAR/PANTA JV, Surkhet | |
| | | | Vision/Saraswati JV, Guthichaur -7, Jumla | |
| | | | ANS - SNS JV, Manma-5, Kalikot | |

Siddha Kumakh Rural Municipality
Office of Rural Municipal Executive
Dhorchaur, Salyan

Bid Amendment Notice for extension of time

Date of publication: 2082-11-19 (3th Mar, 2026 AD)

1. It is to notify to all eligible bidders, due to Public holidays who have been already submitted the bid are requested to it the bid according to the amendment Time and Date for several procurement activities for the following contract he scheduled as mentioned below.

| S.N. | Contract ID | Description and location of work | Previously Scheduled date | Amended/ Postponed date |
|---|---|---|---|---|
| 1 | SKRM/NCB/WORKS/2082/083-04 | Ramri-Dah Road Upgrading Work. Siddha Kumakh Rural Municipality Ward No.5 Salyan. | Last Date of Bid Submission. 2082/11/22 (2026/03/06), 12:00 hour Date of Bid Opening: 2082/11/22 (2026/03/06), 13:00 hour | Last Date of Bid Submission. 2082/11/26 (2026/03/10), 12:00 hour Date of Bid Opening: 2082/11/26 (2026/03/10), 13:00 hour |
| 2 | SKRM/NCB/WORKS/2082/083-05 | Chiple Dhanetakura Darda Padmarg tatha Pratikshalaya Nirman. Siddha Kumakh Rural Municipality Ward No.1 Salyan. | | |

2. Bidders are advised to visit PPMO's website www.bolpatra.gov.np/egp for further details or contact the Siddha Kumakh Rural Municipality Office, Dhorchaur, Salyan, Mob No: 9857855004 Office Web site: www.siddhakumakhmun.gov.np E-mail address ito.siddhakumakhmun@gmail.com.

Acting. Chief Administrative Officer

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

## मतगणनाअघि ‘राष्ट्रिय संवाद’ गर्न कांग्रेसको प्रस्ताव

**युग संवाददाता**
**काठमाडौं, १८ फागुन ।**

विश्वप्रकाश शर्माले फागुन २१ गते मतगणनाअघि नै ‘राष्ट्रिय संवाद’ आयोजना गर्न प्रस्ताव गरेका छन् ।

नेपाली कांग्रेसका उपसभापति शर्माले पार्टी मुख्यालय सानेपामा पत्रकार सम्मेलन गर्दै प्रधानमन्त्रीका उम्मेदवारबीच प्रत्यक्ष बहस सम्भव नभए पनि चुनाव सकिएको भोलिपल्ट, मतगणनाअघि सबै दलबीच साझा बहस गर्न सकिने बताएका हुन् ।

उनले भने, “चुनाव सकिएको भोलिपल्ट मतगणना गर्नुअघि राष्ट्रिय बहस गरौँ । यदि सरकारले चाह्यो र सबै राजनीतिक दल सहमत भए भने राष्ट्रिय संवादका लागि हामी तयार छौँ ।”

शर्माले बाकस खोल्नुअघि नै सुशासन, स्थिर सरकार र साझा एजेन्डामा सहमति जुटाउनुपर्ने धारणा राखे । उनका अनुसार सबैभन्दा ठूलो दलले सरकारको नेतृत्व गर्ने, आलोपालोको परम्परा अन्त्य गर्ने र पाँच वर्ष टिक्ने सरकार गठन गर्ने विषयमा स्पष्ट समझदारी आवश्यक छ ।

## बन्तरिया शिविरका बाढीपीडितको दुई दशकदेखिको सास्ती



**युग संवाददाता**
**कञ्चनपुर, १८ फागुन ।**

मुलुक निर्वाचनमय हुँदा शुक्लाफाँटा नगरपालिका-१२ स्थित बन्तरिया शिविरमा भने चुनावी माहोल खासै छैन । अठार वर्षअघि वनहरा र दोदा नदीको बाढीले सर्वस्व लुटेपछि सुरु भएको शिविरवासीको ‘अस्थायी’ जीवन अहिले पनि उस्तै छ । त्यसैले बन्तरियावासीका लागि निर्वाचनमा उम्मेदवारका विषयमा भन्दा पनि आफ्ना लागि सुरक्षित घर र जमिनको चिन्ता छ ।

वि.सं. २०६४ साल भदौ । साबिक देखतभूली गाविस क्षेत्रमा वनहरा र दोदा नदीको पानी बस्तीमा पस्यो । पानीको सतह बढ्न थालेपछि कतिपयले रूख चढेर ज्यान जोगाए, कतिपय सुरक्षित अग्लो ठाउँतिर भागे ।

त्यो समय सम्झँदै महादेव रानाले भने, “भोलिपल्ट बिहान न घर थियो, न १५ कट्ठा खेत । सबैतिर बालुवा र बगर मात्रै थियो ।” राना अहिले पनि त्यो क्षण सम्झँदा भक्कानिन्छन् । “हामी आफ्नै खेतका मालिक थियौँ, अन्न बेचेर घरखर्च चलाउँथ्यौँ, तर, एकै रातमा नदीले सबै बगायो, अहिले दुई छाक टार्न अर्काकामा मजदुरी गर्नुपर्छ”, उनले भने । नदीले घरजग्गा बगाएपछि तत्कालीन प्रशासनले वन क्षेत्रको छेउमा अस्थायी रूपमा बस्ने व्यवस्था मिलाएको थियो । त्यही अस्थायी बास नै अहिले बाढीपीडित परिवारहरूको पुस्तान्तरण हुने थलो बन्न पुगेको छ ।

शिविरका बासिन्दा अहिले वनको छेउमा साना झुपडी बनाएर बसेका छन् । ६७ वर्षीय वासुदेव रानाले हावाहुरीको मौसम सुरु भएसँगै आफ्नो चिन्ता थपिने बताए । वन क्षेत्रको छेउमा बनाइएका टायल र खपटाले छोपिएका झुपडीमाथि रूख ढल्ने जोखिम उत्तिकै छ ।

“हावाहुरीले ठूला रूख ढाल्छन्,” रानाले भने, “कहिलेकाहीँ रूखका हाँगा झुपडीमा खस्दा ज्यान जोगाउनै मुस्किल हुन्छ, रातको समयमा हावाहुरी चल्दा झुपडी छोडेर खुला ठाउँमा बस्नुपर्ने बाध्यता छ ।” वनको छेउमै बस्नुपर्ने भएकाले हिंस्रक वन्यजन्तुको त्रास पनि उस्तै छ । हात्ती र बाघको हिँड्डुल बस्ती नजिकै हुने गर्दछ । घरभित्र राखेको अन्न बाँदरले खाइदिनु यहाँका बासिन्दाका लागि दैनिकीको हिस्सा बनेको छ ।

निर्वाचन नजिकिएसँगै उम्मेदवारहरू हात जोड्दै बन्तरिया शिविर त आएका छन् । तर यहाँका स्थानीयलाई भने खासै चासो छैन । भुरीदेवी रानाका अनुसार प्रत्येक चुनावमा उम्मेदवारले दिने आश्वासन एउटै हुन्छ, पुनःस्थापना ।

“जति जोगी आए पनि कानै चिरेका,” उनले आक्रोश पोख्दै भने, “विगतका चुनावमा पनि नेताहरूले पहिलो प्राथमिकतामा पुनःस्थापना गर्ने वाचा गरेका थिए, तर जितेर गएपछि काठमाडौँको महलमै भुल्छन्, हाम्रो झुपडी सम्झने कोही हुँदैन ।”

यस पटक कञ्चनपुरका प्रमुख राजनीतिक दलहरूले बाढीपीडितको पुनःस्थापनालाई आफ्नो घोषणापत्रमा समेटेका त छन्, तर स्थानीयलाई ती कुरामा विश्वास लाग्न छोडेको छ । कतिपय उम्मेदवारले एकीकृत बस्ती विकासको कुरा गरेका छन् भने कतिपयले भूमि आयोगमार्फत जग्गा दिने आश्वासन बाँडेका छन् ।

शिविरका युवा र महिलामा आत्मनिर्भर बन्ने इच्छा शक्ति नभएको होइन । तर, गरिबीले उहाँहरूको सीपलाई कोठाभित्रै थुनेको छ । राखी रानाले सिलाइ सीप सिकेको दुई वर्ष भयो, तर उहाँसँग एउटा मेसिन किन्ने पैसा छैन । “मेसिन भएको भए शिविर नजिकैको बजारमा पसल खोलेर दुईचार पैसा कमाउन सकिन्थ्यो,” उनले भने, “तर अहिले अरूको खेतमा अधिया गर्नुको विकल्प छैन ।”

शिविरका पुरुषहरू प्रायः छिमेकी भारतीय सहरहरूमा मजदुरी गर्न जान्छन् । स्थानीय स्तरमा रोजगारी नहुँदा र कृषि गर्न आफ्नै जमिन नहुँदा मुग्लान पस्नु यहाँका युवाहरूको बाध्यता हो । शिविरमा आधारभूत सेवा सुविधाका नाममा केही छैन । खानेपानीका लागि जडान गरिएका तीनमध्ये एउटा पाइप रूखले थिचेर बिग्रिएको छ । अर्कोबाट पानी आउँदैन । एउटै धाराको भरमा १९ परिवारले पानी भर्नुपर्ने छ ।

## सधैं चुनावी नारामा कर्णालीका यी आयोजना

**युग संवाददाता**
**सुर्खेत, १८ फागुन ।**

कर्णालीका सधैं चुनावी नारा बन्ने गरेका दजर्नौं पूर्वाधार विकास कामहरु रहेका छन् । कर्णालीमा विकासको मेरूदण्ड मानिएका सडक, विद्युत्, विमानस्थललगायत पूर्वाधार वर्षौंदेखि अलपत्र पर्ने गरेका छन् । जुन सधैं चुनावी एजेन्टा बन्ने गरेका छन् ।

त्यसमध्येको एउटा उदाहरण हो, कालीकोट नरहरिनाथ गाउँपालिका-१ कोटवाडामा रहेको सुनथराली विमानस्थलमा । जुन पञ्चायतकालदेखि नै बनाउने नियमित उडानका लागि चुनावी नारा बन्ने गरेको छ । यो विमानस्थल २०४२ सालदेखि निर्माण थालिएको हो र हालसम्म पनि सञ्चालनमा आउन सकेको छैन् ।

विमानस्थलमा ०७३ माघ २८ गते परीक्षण गरिएपनि त्यसभन्दापछि पनि दुई वटा उरीक्षण उडान भए । त्यसयता जहाज चलेका छैनन् । जहाज नचल्ने विमानस्थललाई कालोपत्रसमेत गरिएको छ ।

विमानस्थल नियमित सञ्चालनमा ल्याउन सदरमुकाम मान्मदेखि कोटबाडासम्म केबुलकार जडानको पहल थालिएको छ । केबुलकार निर्माणका लागि स्रोतको खोजी भइरहेको नरहरिनाथ गाउँपालिका पूर्वअध्यक्ष धीरबहादुर बिष्टले बताए । ‘विमानस्थल त पूरा भएको छ । नियमित सञ्चालनका लागि केवलकार बनाउने पर्यटकीय क्षेत्रको विकास गरेर मात्र सञ्चालन हुने अवस्थामा छ,’ उनले भने, ‘नियमित सञ्चालन गर्न त्यहाँ पुग्ने बाटोसहित रामारोसन, त्रिवेणी पाटन र बडिमालिका पर्यटकीयस्थलसम्म जोड्न केबुलकार चाहिने हो । त्यसका लागि पहल पनि थालियो । सरकारी तवरबाट सहयोग नहुँदा समस्या भएको छ ।

केबुलकार निर्माणको लागि एक अर्ब १४ करोड लागतको डीपीआर बने पनि स्रोत नहुँदा समस्या भएको विष्टले बताए । ‘सुरुमा कर्णाली प्रदेश र स्थानीय तहको ५० प्रतिशत तथा अन्य निकायबाट ५० प्रतिशत रकम जुटाउने योजना बनाइएका थियौं,’ उनले भने,‘ अहिले त्यो काम पनि चार वर्षदेखि अलपत्र अवस्थामा रहेको छ ।’

यो विमानस्थल निर्माणका क्रममा स्थानीय ७ जनासहित धादिङ, काभ्रे, सिन्धुली र रामेछापबाट आएका ३५ जनाको तत्कालीन शाही नेपाली सेनाले हत्या गरेको थियो ।

**हुम्ला जोड्ने सडक**

कर्णालीको अर्को चुनावी नाराको कर्णाली हुम्ला जिल्लामा सडक पुर्‍याउने लक्ष्य । त्रिदेशीय सडकमा रहेको यो सडकमा अहिले पनि पूर्णता पाउन सकेको छैन् । कालीकोटको खुलालुदेखि हिल्सासम्म ३ सय ४७ किलोमिटर पर्छ । तर जमुनाहदेखि चीनको हिल्सासम्म ५ सय ८ किलोमिटर दूरी पर्छ । भारत चीन जोड्ने यो सडक सधैं चुनावी नारा बन्ने गरेको छ । चट्टान, बजेट अभाव र निकासमा हुने ढिलासुस्तीले राष्ट्रिय गौरवको आयोजना भनिए पनि ट्र्याक खुल्न डेढ दशक लागेको हुम्ला सर्केगाडका नवराज रोकायाले बताए ।

हुम्ला सदरमुकाम सिमकोटलाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने लक्ष्यसहित साविक जिल्ला विकास समिति हुम्लाले ०५७ मा सुरु गरेको सडक निर्माणको योजना अझै अलपत्र छ ।

त्यस्तै, कर्णालीको विकासको मेरुदण्ड मानिएको कर्णाली राजमार्गलाई दुई लेनको बनाउने भन्दै सुर्खेत, दैलेख, कालीकोट, मुगु र जुम्लाका उम्मेदवारले २०६४ सालयताका चुनावमा मत मागिरहेका छन् । राजमार्ग भने बर्सेनि जीर्ण बन्दै गएको छ ।




९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)




युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत ।